प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**हाम्रो पहिचानमा हाम्रो गौरव**

- नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधतामा एकता कायम गरौं,
- राष्ट्रको पहिचानलाई सम्मान गरौं .
- "हाम्रो पहिचान, हाम्रो स्वाभिमान"

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १२७ ॥ २०८२ असार ०२ गते सोमबार (16th June 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

# कोशी प्रदेशको बजेट ३५ अर्ब ८७ करोड १९ लाख



झापा(प्रस) । कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ३५ अर्ब ८७ करोड १९ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । यो चालु आर्थिक वर्षको तुलनामा ६० करोड रुपैयाँले बढी हो ।
आइतबार प्रदेशसभा बैठकमा बजेट प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर रानामगरले समावेशी, समन्यायिक र दिगो विकासको लक्ष्यसहित बजेट ल्याइएको जानकारी दिए ।

कृषि, उद्योग, सेवा क्षेत्र, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिइएको रानाले जनाएका छन् । कोशी प्रदेश सरकारले अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा ३५ अर्ब २७ करोड ९३ लाख बजेट विनियोजन गरेको थियो ।
आगामी आर्थिक वर्ष २०८२/८३ का लागि स्वास्थ्य क्षेत्रमा ३ अर्ब ५१ करोड ७१ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । स्वास्थ्य पूर्वाधार विकास र सेवा विस्तारलाई प्राथमिकता दिँदै बजेट व्यवस्था गरिएको जानकारी दिए । विराटनगरस्थित शैलजा हृदयरोग केन्द्रलाई विशेषज्ञ अस्पतालको रूपमा स्तरोन्नति गरिने बजेटमा उल्लेख छ । साथै, प्रदेशभर स्वास्थ्य चेतना अभिवृद्धि गर्न 'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी' नामक अभियान सञ्चालन गरिने योजना छ ।
प्रदेशका सबै अस्पतालहरूमा मानसिक स्वास्थ्य सेवा विस्तार गर्न आवश्यक बजेट विनियोजन गरिएको छ भने औषधि खरिदका लागि ३ करोड ६१ लाख रुपैयाँ छुट्याइएको छ । खोटाङमा प्रशोधन केन्द्र स्थापना गर्न ३ करोड रुपैयाँको व्यवस्था गरिएको छ ।

१० वर्षभन्दा कम उमेरका बालबालिकालाई सरकारी अस्पतालमा निःशुल्क उपचार उपलब्ध गराउने नीति बजेटमा समेटिएको छ । साथै, विद्यालय नर्सिङ स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ भने प्रदेशस्तरीय ल्याब सुदृढीकरणका लागि ३ करोड १० लाख रुपैयाँ छुट्याइएको छ।
मन्त्री रानामगरले सर्वसुलभ र सहज स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्यसहित बजेटको प्राथमिकता तय गरिएको स्पष्ट पारे । प्रदेश सरकारका अनुसार आगामी वर्षदेखि स्वास्थ्य सेवा क्षेत्रमा गुणस्तर, पहुँच र परिणाममुखी सुधार ल्याउने तयारी गरिएको छ ।
त्यस्तै कृषि, उद्योग तथा सहकारी क्षेत्रमा २ अर्ब १८ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । फलफूल उत्पादन, प्रशोधन र बजारीकरणका लागि १६ करोड ६५ लाख रुपैयाँ छुट्याइएको छ । सो कार्यक्रम स्थानीय सम्भाव्यता, स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन गरिनेछ । कृषकलाई सहज ऋण उपलब्ध गराउने उद्देश्यले कृषि कर्जामा ब्याज अनुदानका लागि १४ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

गुणस्तरीय पशुपालन प्रवर्द्धन तथा खोरेतलगायत महामारी नियन्त्रण गर्न २२ करोड रुपैयाँ असल पशुपालन कार्यक्रमअन्तर्गत खर्च गरिनेछ । प्रदेश सरकारले चक्रिया कोष स्थापनाका लागि २ करोड रुपैयाँ छुट्याएको छ भने चिया सम्मेलन आयोजनाका लागि पनि २ करोड रुपैयाँको बजेट विनियोजन गरिएको छ ।

पर्यटन वर्षका निम्ति पुनः १० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । पर्यटन, वन तथा वातावरण क्षेत्रका निम्ति जम्मा २ अर्ब ९७ करोड ६६ लाख रुपैयाँ विनियोजन गरिएको मन्त्री मगरले जानकारी दिए । कोशी सरकारले गत चैतमा तीनजुरे मिल्के क्षेत्रमा औपचारिक कार्यक्रम गरी २०८२ लाई पर्यटन वर्षका रूपमा मनाउने घोषणा गरेको थियो ।

# बेलिब्रिज खस्दा घाइते तीन मजदुरको मृत्यु



झापा(प्रस) । मेची राजमार्गस्थित पाँचथरको हेवा खोलामा निर्माणाधीन बेलिब्रिज खस्दा घाइते भएका तीन जना मजदुरको मृत्यु भएको छ। प्रहरीका अनुसार शनिवार साँझ बेलिब्रिज खस्दा घाइते भएका बाराको सिमरा उपमहानगरपालिकाका २२ वर्षीय रूपलाल चौधरी, २७ वर्षीय राजन चौधरी र सोही ठाउँका २२ वर्षीय प्रकाश चौधरीको मृत्यु भएको हो। पाँचथर जिल्ला अस्पतालबाट रेफर गरी नोबेल अस्पताल बिराटनगर पुर्याइएका उनीहरुको उपचारको क्रममा मृत्यु भएको हो ।
रूपलाल चौधरीको शनिवार राति १:०५ बजे , राजन चौधरीको राति १:१५ बजे र राकेश चौधरीको राति १:२४बजे मृत्यु भएको प्रहरीले जनाएको छ ।
शनिवार साँझ ६ बजे निर्माणाधीन बेलिब्रिज खसेको थियो । फिदिम नगरपालिका-४ तर्फ राखिएको बेसदेखि ठेल्दै पारिपट्टि हिलिहाङ गाउँपालिका-७ मा जग टेकाएको केहिबेरमै बेलिब्रिज खसेको थियो। बेलिब्रिज खस्दा ६ जना घाइते भएका थिए ।
घाइतेमध्ये एकजनाको अवस्था गम्भीर छ भने २ जना सामान्य छन्। उनीहरू सबैलाई उपचारका लागि नोबेल मेडिकल कलेज विराटनगरमा भर्ना गरिएको छ । घटनामा बाराको सिमरा उपमहानगरपालिका-१२ घर भएका २५ वर्षीय भुलेश्वर चौधरी, ३५ वर्षीय प्रकाश चौधरी र ३० वर्षीय अभिशेक चौधरी घाइते छन् ।

मेची राजमार्गअन्तर्गत पाँचथर खण्डमा रहेको हेवा खोलाको पक्की पुल पहिलो पटक २०८० असार २ गतेको बाढीले बगाएपछि त्यहाँ पहिलो पटक बेलिब्रिज बनाइएको थियो । सो बेलिब्रिज २०८१ गत असोज १२ गते आएको बाढीले पुनः बगाएपछि दोस्रो पटक बेलिब्रिज हाल्न संघीय सरकारले सडक डिभिजन इलाममार्फत प्रक्रिया अगाडि बढाएर दोभान सुपर सौगात लाइट बिल्डर्स जेभि नामक निर्माण व्यवसायी कम्पनीसँग सम्झौता गरेर काम गरिरहेको छ ।

पुल बगेपछि यहाँ ह्युम पाइपमार्फत् डाइभर्सन गरेर यातायात सुचारु गराइँदैछ । यद्यपि ठुलो वर्षा भएर खोलो बढ्नासाथ डाइभर्सन छोपिने र बग्ने जोखिम छ । बेलिब्रिज खसेसँगै वर्षा याममा पुनः मेची राजमार्ग भएर पाँचथर सदरमुकाम फिदिमदेखि ताप्लेजुङसँगै पाँचथरको हिलिहाङ, याङवरक र फालेलुङ सडक सम्पर्क विच्छेद हुने जोखिम बढेको छ।

# दुर्घटनामा प्रहरी हवल्दारको मृत्यु, श्रीमती र छोरा गम्भीर घाइते




झापा(प्रस)। मोरङको कानेपोखरी गाउँपालिका-७ स्थित डाँस खोला पुलको डाइभर्सनमा मोटरसाइकल दुर्घटना हुँदा एक प्रहरी सहायक हवल्दारको मृत्यु भएको छ भने उनकी श्रीमती र छोरा गम्भीर घाइते भएका छन्।
शनिवार राति ८.३० बजे पथरीबाट कानेपोखरीतर्फ जाँदै गरेको जिल्ला प्रहरी कार्यालय इलाम दरबन्दी भई प्रहरी चौकी जमुना इलाममा कार्यरत प्रहरी सहायक हवल्दार बेलबारी नगरपालिका-४ निवासी ३१ वर्षीय जितेन्द्र चौधरीले चलाएको प्र. १-०२-०४३ प २४७१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई डाइभर्सनमा दुर्घटनामा परेको थियो। दुर्घटनामा गम्भीर घाइते भएका चौधरीलाई उपचारका लागि मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर उर्लाबारी ल्याइएकोमा उपचारकै क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय पथरीका डीएसपी मोहनबिक्रम दाहालले जानकारी दिए। दुर्घटनामा चौधरीकी २६ वर्षीया

❖ बाँकी तेस्रो पृष्ठमा

# पिकअप दुर्घटनामा चालकको मृत्यु

झापा(प्रस) । मोरङको रंगेली ७ स्थित बिराटनगर- आमबारी हुलाकी सडकखण्डको संसारी मन्दिर अगाडि आइतवार बिहान २;४० बजे पिकअप गाडी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

बिराटनगरबाट आमबारीतर्फ आउँदै गरेको बोईलर कुखुराको दाना बोकेको को२च १३०० नं. को पिकअप रोडको फुलकियारी डिभाईडरमा ठक्कर खाई दुर्घटना भएको थियो । दुर्घटनामा पिकअप चालक बिराटनगर ८ बस्ने ४५ वर्षीय चेतराज खनालको घटनास्थलमै मृत्यु भएको हो । पिकअपमा सवार सोही ठाउँ बस्ने २३ वर्षीय राम राजबंशी, २१ वर्षीय छत्र पराजुली र ३२ वर्षीय दिपेश पौडेल सकुशल रहेको प्रहरीले जनाएको छ ।

# ३ लाख ६० हजारको अवैध सुर्ती बरामद

झापा(प्रस) । झापामा सशस्त्र प्रहरीले ३ लाख ६० हजारको अवैध सुर्ती बरामद गरेको छ ।

शनिवार मेचीनगर नगरपालिका १५ किशन कामतस्थित चिया बगानमा भारतबाट



भन्सार छली अवैध रुपमा नेपालतर्फको ल्याई लुकाई छिपाई राखेको अन्दाजी मूल्य रु. ३ लाख ६० हजार बराबरको १८ बोरा सुर्ती सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हे.क्वा. झापा र सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म भद्रपुरको संयुक्त टोलीले बरामद गरेको हो ।
बरामद भएको उक्त सुर्ती आवश्यक कारबाहीको लागि आइतवार भद्रपुर भन्सार कार्यालयमा बुझाएको सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हे.क्वा. झापाका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक सुमन पोखेलले जानकारी दिएका छन् ।

# जलथलमा भेटियो कछुवाको दुर्लभ प्रजाति



झापा(प्रस) ।जलथलको चारकोशे वनमा कछुवाको एक दुर्लभ प्रजाति फेला परेको छ। हल्दिबारी ४ स्थित पाथिभरा कालिका सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ता विवेक बास्तोलाले सामुदायिक वननजिकै रहेको चिसो पानी रसाइरहने क्षेत्रमा दुर्लभ कछुवा फेला पारेका हुन् । आइतवार विहान उनले दुर्लभ कछुवा भेटेलगत्तै आफ्नो वन समूहलाई खबर गरेका थिए । नेपालका चराचुरुङ्गी तथा जीवजन्तु खोज अध्ययन अनुसन्धानकर्ता अस्मित सुब्बाका अनुसार उक्त कछुवालाई स्पटेड नर्थर्न इन्डियन फ्ल्यापशेल टर्टल (Lissemys punctata andersoni) भनेर चिनिन्छ । पाकिस्तानदेखि म्यानमारसम्म र सम्पूर्ण प्रायद्वीपमा पाइने यो एक सौफ्टशेल कछुवा हो ।यो नेपालका तराई क्षेत्रहरुमा लगभग ४०० मिटर उचाइसम्म पाइएता पनि यस प्रजातिमा क्रोमेटिक ल्युसिज्म देखिनु अत्यन्त दुर्लभ हो । सुब्बाले नै फरेष्ट एक्सन नेपालको अध्ययनका क्रममा जलथल वनमा यसलाई अभिलेख गरेका थिए यद्यपि यो विरलै मात्रै भेटिने गर्छ। हाल उक्त कछुवालाई पाथिभरा कालिका सामुदायिक वन समूहमार्फत जलथल सब डिभिजन वन कार्यालय रंगियाडाँडाका कर्मचारीलाई बुझाएको वन समूहका सहसचिव भरत ढकालले जानकारी दिएका छन् ।

# मेचीनगरमा तीनहप्ते निःशुल्क स्वास्थ्य शिविर

• **लक्ष्मी उप्रेती**

मेचीनगर । विश्व स्वास्थ्य संगठनको आकलन अनुसार प्रत्येक वर्ष विश्वभर ४ दशमलव १ करोड मानिसहरुको नसर्ने रोगहरुबाट मृत्यु हुन्छ । मुटु तथा रक्तनली सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेह र श्वासप्रश्वास सम्बन्धी दीर्घ रोगहरु विश्व र दक्षिणपूर्वी एशिया क्षेत्रमा मृत्यु र अपाङ्गता गराउने प्रमुख कारणहरु हुन् ।

यसैलाई मध्यनजर गर्दै झापाको मेचीनगरमा आइतवारबाट उच्च रक्तचाप, मधुमेह, मिर्गौला रोग परीक्षण उपचार तथा रोकथाम सम्बन्धी तीन हप्ते निःशुल्क स्वास्थ्य शिविर शुरु भएको छ । विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको प्राविधिक सहयोगमा मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखाले शिविर आयोजना गरेको हो । शिविरमा ल्यावसहित अन्य सेवा निःशुल्क प्रदान गरिने छ । साथै नसर्ने मुख्य यी रोगको औषधि समेत प्रदान गरिने छ ।



मेचीनगर–११ स्थित स्वास्थ्य चौकीमा शुरु भएको शिविरमा नगर प्रमुख गोपालचन्द्र बुढाथोकी र उपप्रमुख मीना पोखेल उप्रेतीले आफ्नो स्वास्थ्य परीक्षण गरेर उद्घाटन गरेका थिए । शिविरको उद्घाटन गर्दै नगर प्रमुख बुढाथोकीले नसर्ने रोगहरु एउटा स्वास्थ्य सवाल मात्रै नभई राष्ट्रिय विकास योजनाका लागि चुनौती पनि भएको बताए । यसले व्यक्ति र घरपरिवारको गरिबी बढाउने र सामाजिक आर्थिक विकासलाई कमजोर बनाउने नगर प्रमुख बुढाथोकीको भनाई छ ।

नेपालमा नसर्ने रोग बढ्नुको प्रमुख कारण सुर्तीजन्य पदार्थको प्रयोग, शारीरिक निष्क्रियता वा गतिविधिको कमी, मादक पदार्थको हानिकारक प्रयोग, अस्वस्थ्यकर, खानपान र जीवनशैलीसँग सम्बन्धित व्यवहारहरु रहेको विज्ञहरुको भनाई छ ।

उनीहरुका अनुसार यस्ता चारवटा प्रमुख नसर्ने रोगहरुले अल्पायुमा हुने मृत्युको ८० प्रतिशत बढी हिस्सा ओगटेको छ । मुटु तथा रक्तनली सम्बन्धी रोग विश्वभर नै मृत्युको पहिलो प्रमुख कारण बनेको छ । नेपालमा नसर्ने रोगहरुबाट अल्पायुमै हुने मृत्युलाई सन् २०२५ सम्ममा एक चौथाई र सन् २०३० सम्ममा एक तिहाईले कम गर्ने परिलक्ष्य निर्धारण गरेको छ ।

शिविरमा डाक्टर अविनास देवको नेतृत्वमा रहेको १३ जनाको स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य शाखा संयोजक सविता सापकोटा निरौलाको भनाई छ । उनले तीन हप्तामा नगरका विभिन्न वडाका ८ सय ३९ जनाको स्वास्थ्य परीक्षण गर्ने लक्ष्य रहेको बताइन् । मेचीनगर नगरपालिका वडा नम्बर –११ का वडाध्यक्ष रुद्र डाँगीको अध्यक्षतामा शुरु शिविरको सञ्चालन स्वास्थ्य चौकी प्रमुख दीपेन्द्र चौधरीले तथा कार्यक्रमको औचित्यमाथि स्वास्थ्य शाखा प्रमुख सविता सापकोटा निरौलाले प्रकाश पारेकी थिइन् । उद्घाटन सत्रमा वडाका जनप्रतिनिधिसहित सेवाग्राहीहरुको बाक्लो उपस्थिति रहेको थियो ।

# इजरायल र इरानमा रहेका नेपालीलाई सुरक्षा दिन परराष्ट्रको निर्देशन




झापा । पराराष्ट्र मन्त्रालयले इजरायल र इरानमा रहेका नेपालीको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गर्न दूतावासहरुलाई निर्देशन दिएको छ । पछिल्लो तीनयता इजरायल र इरानबीच द्वन्द्व चर्किएको छ । परराष्ट्रमन्त्री आरजू देउवा राणाले इजरायलको तेल अभिभ र कतारको दोहास्थित नेपाली दूतावासका राजदूतहरुलाई टेलिफोन सम्पर्क गरी ती मुलुकमा रहेका नेपाली नागरिकहरुको सुरक्षालाई उच्च प्राथमिकतामा राख्न निर्देशन दिएको मन्त्रालयले जनाएको छ । साथै ती मुलुकमा रहेका नेपालीहरुसँग निरन्तर सम्पर्क राख्न र सम्बन्धित मुलुकले जारी गरेका सुरक्षा सतर्कता सम्बन्धी अद्यावधिक सूचना नियमित रुपमा नेपालीहरु समक्ष पुर्याउन राजदूतहरुलाई मन्त्री राणाले निर्देशन दिएको मन्त्रालयद्वारा आइतबार जारी विज्ञप्तिमा उल्लेख छ । हाल इजरायलमा झन्डै ५ हजार ५ सय र इरानमा १२ जना नेपाली नागरिक रहेको तथ्याकं मन्त्रालयले दिएको छ । इजरायल र इरानबीच चर्किएको द्वन्द्वलाई नेपालले नजिकबाट हेरिरहेको भन्दै मन्त्रालयले ती मुलुकमा रहेका नेपालीहरुको हित सुनिश्चित गर्न आवश्यक कदम चाल्ने बताएको छ ।

# पहिरोका कारण प्रहरी चौकी श्रीअन्तुको कार्यालय जोखिममा

झापा(प्रस)। अविरल वर्षासंगै झरेको पहिरोका कारण इलाम सूर्योदय नगरपालिका ४ श्रीअन्तुस्थित प्रहरी चौकी श्रीअन्तुको कार्यालय जोखिममा परेको छ ।

प्रहरी चौकीको भान्सा पछाडीको भागबाट श्रीअन्तु-फिक्कल भित्री सडकखण्डमा पहिरो झरेको हो ।



जसका कारण प्रहरी चौकीको भान्सा भवन जोखिममा परेको हो । श्रीअन्तु-फिक्कल भित्री सडकखण्ड एकतर्फी सुचारु रहेको छ । प्रहरी चौकी श्रीअन्तुबाट प्रहरी वरिष्ठ नायव निरीक्षक मोतिबहादुर कटुवालको कमाण्डमा टोली खटिएर पहिरो हटाउने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । पहिरो पन्छाउन स्थानीय तहसंग जेसीबी मागिएको छ ।

त्यस्तै आइतवार बिहान धनकुटा चौबिसे गाउँपालिका ४ मा निर्माणाधीन तमोर करिडोर सडकखण्ड अन्तर्गत छरुवा खोलामा अबिरल बर्षाका कारण बाढी आई आवत जावत अवरुद्ध भएको छ । खोलामा पानी घटेपछि दुबैतर्फ सवारी साधन सुचारु भएको प्रहरीले जनाएको छ ।

त्यस्तै खोटाङको हलेसी तुवाचुङ नगरपालिका वडा नं. १० बिजुलेमा रातभरि परेको अबिरल बर्षाका कारण दुईवटा घरको पर्खाल लडेर क्षति भएको छ । कृष्णबहादुर पुरीको ढुङ्गा माटोले बनेको टिनको छानो भएको २ तले घरको भुइँतलाको पूर्व साइडमा रहेको पर्खाल र गंगामाया पुरीको ढुङ्गा माटोले बनेको टिनको छानो भएको २ तले मतानको पूर्व साइडमा रहेको पर्खाल लडेर क्षति भएको प्रहरीले जनाएको छ ।

# नेत्रहीन युवा संघको अध्यक्षमा थापा





बिर्तामोड(प्रस)। नेत्रहीन युवा संघ नेपाल झापा शाखाको अध्यक्षमा रोशन थापा सर्वसम्मत चयन भएका छन्। शनिवार बिर्तामोडमा सम्पन्न चौथो अधिवेशनबाट आगामी तीन वर्षका लागि थापाको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति चयन गरिएको हो।

समितिको उपाध्यक्षमा होमेन्द्र नंगेल, सचिव मुना भट्टराई, कोषाध्यक्ष मिना गिरी, सह-सचिव निर्मला कार्की तथा सदस्यहरूमा पवित्रा तामाङ, गोविन्द न्यौपाने, शम्भु राजवंशी र दीपक तामाङ चयन भएका छन्। समिति चयन गर्न कलाधर भण्डारीको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो।यसअघि संघका अध्यक्ष दिलकुमार राजवंशीको अध्यक्षता र बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको थियो । कार्यक्रममा नेत्रहीन युवा संघका केन्द्रीय सल्लाहकार कलाधर भण्डारी , नेत्रहीन युवा संघ नेपाल झापाका सल्लाहकार द्रोणाचार्य निरौला, झापा नेत्रहीन संघका अध्यक्ष होमनाथ राजवंशी, हल्दीबारी जेसीजकी अध्यक्ष युनिता दवाडी,करुणा फाउन्डेसनका जिल्ला संयोजक निश्चल घिमिरेलगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा स्वागत उपाध्यक्ष रोशन थापा र सञ्चालन सह-सचिव राज घिमिरेले गरेका थिए। कार्यक्रममा संघका कार्यालय सहयोगी बिमल भट्टराईले तीन वर्षे प्रगति विवरण प्रस्तुत गरेका थिए । नेत्रहीन युवा संघ नेपाल झापामा ३७ जना सदस्य रहेको जनाइएको छ।

### इजरायल-इरान द्वन्द्व जारी

# इजरायलद्वारा तेस्रो दिन पनि हवाई क्षेत्र बन्द



एजेन्सी । इजरायली सेनाको सैन्य अभियानको जवाफमा इरानले दुई रातसम्म घातक क्षेप्यास्त्र आक्रमण गरेपछि इजरायली अधिकारीहरूले आइतबार लगातार तेस्रो दिन देशको हवाई क्षेत्र बन्द गरिएको बताएका छन्।

इजरायली यातायात र विदेश मन्त्रालयले जारी गरेको संयुक्त विज्ञप्तिमा भनिएको छ, 'सुरक्षा स्थितिका कारण र सुरक्षा अधिकारीहरूको निर्देशनअनुसार इजरायली हवाई क्षेत्र हाल नागरिक उड्डयनका लागि बन्द गरिएको छ । कुनै पनि आगमन वा बहिर्गमन उडानहरू सञ्चालन भइरहेका छैनन् ।'

इजरायली सेनाले इरानमा सैन्य र आणविक लक्ष्यमा आक्रमण गर्न थालेपछि शुक्रबारदेखि हजारौँ इजरायली नागरिक विदेशमा अलपत्र परेको इजरायली सञ्चारमाध्यमले जनाएका छन् । इरानले इजरायललक्षित जवाफी कारबाहीमा इजरायली सहरहरूमा सयौं ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो, जसमा आवासीय भवनहरू ध्वस्त भएका थिए र तीन बालबालिकासहित १३ जनाको मृत्यु भएको थियो।

इजरायलको विमानस्थल प्राधिकरणका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा तेल अभिभ नजिकै रहेको बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थल बन्द रहने पुष्टि गर्दै भनिएको छ, 'कम्तीमा छ घण्टाको पूर्व चेतावनीसहित यसलाई पुनः सञ्चालन गर्ने सूचना दिइनेछ ।'

'इजरायलका लागि उडान पुनः सुरु गर्ने निर्णय सुरक्षित ठानेपछि मात्र हुनेछ,' विज्ञप्तिमा भनिएको छ।

यसैबीच, जोर्डन र इजिप्टको सिनाई प्रायद्वीपमा इजरायलको सीमा नाका खुला रहेको छ ।

आइतबार पनि इजरायलमा विस्फोटका आवाज सुनिएका छन् । इरानले हाइफा र तेल अभिभ लगायतमा क्षेत्रमा गरेको क्षेप्यास्त्र प्रहारबाट १३ जना इजरायली नागरिकको मृत्यु भएको हो ।

इजरायली सञ्चारमाध्यम दि जेरुसेलम पोस्टका अनुसार आक्रमणमा कम्तीमा २७० जना घाइते भएका छन् । शुक्रबारयता इजरायलले गरेको आक्रमणबाट इरानमा भने २७० भन्दा धेरैको मृत्यु भइसकेको छ भने ८०० जना घाइते भएका छन् । जेरुसेलम पोस्टले समाज कल्याण मन्त्रालयलाई उदृत गर्दै इरानी आक्रमणका कारण कम्तीमा ७२४ जना सर्वसाधरण घरबारविहीन भएको उल्लेख गरेको छ । एबीसी न्युजका अनुसार दुई रातमा इरानले दुई सय ब्यालेस्टिक मिसाइल इजरायलतर्फ प्रहार गरेको थियो ।

सीएनएनले इजरायली डिफेन्स फोर्सले इरानी आक्रमण रोक्न सुरक्षा प्रणाली सक्रिय रहेको बताउँदै नागरि हरुलाई सुरक्षित स्थानमा बस्न निर्देशन दिएको जनाएको छ । तेलअभिभस्थित सीएनएन संवाददाताहरुले सहरमा खतराको संकेत जनाउने साइरन बजिरहेको बताएका छन् ।

इरानमा पनि आइतबार दिउँसो इजरायली आक्रमण भएको छ । सीएनएनले स्थानीयलाई उदृत गर्दै तेहरानमा दिउँसो नयाँ विस्फोटले सहरमा कम्पन उत्पन्न भएको उल्लेख गरेको छ । इरानी सरकारी मिडियाले आवासीय क्षेत्र भएको सहरको पश्चिमी भागमा विस्फोटका आवाज सुनिएको र धूवाँको मुस्लो आकाशमा देखिएको उल्लेख गरेका छन् । तर यो विस्फोटमा कति मानवीय क्षति भयो भन्ने उल्लेख भइसकेको छैन । विस्फोटका आवाज आइरहेका बेला इजरायली सेनाले पत्रकार सम्मेलन गरिरहेको थियो । इजरायली डिफेन्स फोर्सका प्रवक्ता इफी डेफ्रिनले भने, 'हामी एक्कैछिन पनि आक्रमण रोक्दैनौँ । हामीले तेहरानमा एकपछि अर्को आक्रमण जारी राख्नेछौँ ।' शुक्रबार इरानविरुद्ध इजरायलले आक्रमण गरेयता दुई देशबीच एक अर्काविरुद्ध मिसाइल आक्रमणको शृंखला जारी छ । शनिबार मध्यराति पनि इजरायलले इरानको तेल प्रशोधन केन्द्र लक्षित गरी आक्रमण गरेपछि इरानले जवाफी आक्रमण सुरु गरेको हो ।

# चिर्पटले हानेर श्रीमतीको हत्या गर्ने श्रीमान पक्राउ

झापा(प्रस) ।पाँचथरमा चिर्पटले हानेर श्रीमतीको हत्या गर्ने श्रीमान पक्राउ परेका छन् । पक्राउ पर्नेमा मिक्लाजुङ गाउँपालिका वडा नं.१ सिङहाङ गाउँ बस्ने ललित राई रहेका छन् । जेठ २९ गते साँझ ७.४५ बजे राईकी श्रीमती ४८ वर्षीया तारादेवी राई आफ्नो सुत्ने घरको खाटबाट अचानक लडेर घाइते भएको भन्दै अस्पताल भर्ना गरिएको थियो ।स्थानीय मेडिकल




फाक्तेपमा सामान्य उपचारपश्चात् थप उपचारको जिल्ला अस्पताल फिदिममा भर्ना गरिएको थियो । उपचारका क्रममा जेठ ३० गते बिहान २:१७ बजे उनको मृत्यु भएको हो । घटनास्थलको प्रकृति अनुसार शंकास्पद देखिएकोले उपचारमा संलग्न श्रीमानलाई सोही दिन नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय पाँचथरमा राखिएको छ । हिरासतमा राखी अनुसन्धान गर्दा श्रीमान-श्रीमतीबिच विवाद हुँदा श्रीमानले उत्तिसको चिर्पटले प्रहार गरी घाइते बनाएका थिए । मृतकका छोरा सुन्दर राईले कर्तव्य ज्यान मुद्धामा जाहेरी दर्ता गरेपछि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै पाँचथरकै फिदिम-६ सिवा मलुवा बस्ने ३२ वर्षीय रविन तुम्रोकलाई सामान्य घरायसी विवाद हुँदा उनकै श्रीमती २८ वर्षीया फुलमाया राईले खुकुरी प्रहार गरेकी छन् । टाउको र दुवै हातमा खुकुरी प्रहारबाट घाइते रविनलाई उपचारको लागि शनिवार राति १० बजे जिल्ला अस्पताल पाँचथर ल्याइएको छ । खुकुरी प्रहार गर्ने फुलमाया फरार रहेकीले खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै ओखलढुङ्गा खिजीदेम्बा ९ छेरमादिन बस्ने ५१ वर्षीय राप्ते शेर्पाले श्रीमतीलाई खुकुरी प्रहार गरी आत्महत्याको प्रयास गरेका छन् ।

शनिवार राति ११:२० बजे शेर्पाले घरायसी विवादका कारण आफ्नै श्रीमती ५४ वर्षीया एन्जी शेर्पालाई खुकुरीले टाउकोमा प्रहार गरेका थिए । खुकुरी प्रहारबाट एन्जीको टाउकोमा चोट लागेको छ । श्रीमतीलाई खुकुरी प्रहार गरेपछि शेर्पाले स्याउको बोटमा छर्किने मेटासिड विषादी सेवन गरेका थिए । अचेत अवस्थामा रहेका श्रीमान र घाइते श्रीमती दुबै जनालाई उपचारको लागि खिजिदेम्बा आधारभूत अस्पताल खिजिफलाटे पठाइएको छ ।

# दमक र बिर्तामोडमा लागूऔषधसहित दुईजना पक्राउ



झापा । झापाको दमक र बिर्तामोडमा प्रतिबन्धित लागूऔषधसहित दुईजना पक्राउ परेका छन् । दमक नगरपालिका-७ स्थित सयपत्री टोलमा प्रतिबन्धित औषधीसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले आइतबार दिउँसो अन्दाजी ३:४० बजेको समयमा दमक-७ हाटखोलाका १९ वर्षीय पुष्कर मगरले बोकेको कागजी झोला चेकजाँच गर्दा सो झोलाभित्र बिक्री वितरण गर्ने उद्देश्यले बोकी हिँडेको प्रतिबन्धित औषधीसहित फेला परेको हो ।

उनको साथबाट भोमिन ३१ पत्ता (३१० पिस), ट्रामाडोल ३१ पत्ता (३१० पिस) फेला परेको प्रहरीले जनाएको छ । उक्त प्रतिबन्धित औषधी बरामद गरी पुष्कर मगरलाई नियन्त्रणमा लिएर थप अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय दमकमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यसैगरी आइतवार बिहान ४:४५ बजेको समयबाट बिर्तामोड-४ नयाँवारी टोलबाट लागूऔषधसहित एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । सोही स्थानका सुगन्धा मण्डलको घरमा लागूऔषध कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले उनको घर खानतलासी गर्दा सुगन्धाले छोरा बनाएर राखेको २२ वर्षीय निजाम मियाको पकेटबाट ब्राउनसुगर फेला परेको थियो । उनको साथबाट प्लास्टिकबाहेक १ ग्राम ४४० मिलिग्राम ब्राउनसुगर फेला पारी इलाका प्रहरी कार्यालय अनारमनीमा ल्याएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# छिमेकीलाई दाउ प्रहार गर्ने हल्दिवारीका गुरुङ पक्राउ

झापा(प्रस)। छिमेकीलाई दाउ प्रहार गर्ने हल्दिवारीका एक युवक पक्राउ परेका छन् । शनिवार राति १० बजे हल्दिवारी गाउँपालिका वडा न ३ कुनाबारी बस्ने २८ वर्षीय समिर गुरुङलाई सोही ठाउँ बस्ने २६ वर्षीय दावा गुरुङले दाउले प्रहार गरी घाइते बनाएका हुन् । घाइते समिरलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ । दाउ र दाउ प्रहार गर्ने दावालाई नियन्त्रणमा लिई मुलुकी अपराध संहिता २०७४ अन्तर्गत अभद्र व्यवहार कसुरमा ५ दिन म्याद लिइ अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# रास्वपा कचनकवलको सभापतिमा गोपाल र सचिवमा वर्षा

कचनकवल(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कचनकवल गाउँपालिका समितिको सभापतिमा गोपाल लामिछाने निर्विरोध चयन भएका छन् । कचनकवल गाउँपालिकामा शनिबार सम्पन्न पहिलो अधिवेशनले सभापतिमा लामिछानेलाई निर्विरोध चयन गरेका हुन । समितिको उपाध्यक्षमा भोलाशंकर राजवंशी, सचिवमा वर्षा खतिवडा, तथा सदस्यहरूमा हरिप्रसाद सिटौला, यामबहादुर थापा, चन्द्रशंकर अधिकारी,



पूजा भण्डारी कोइराला र उमेश राजवंशी चयन भएका छन्। त्यसैगरी, जिल्ला अधिवेशनका लागि राजमणि दाहाल, कुमारी अधिकारी, राजन घिमिरे र अनिरुद्र तिम्सिना प्रतिनिधि चयन भएका छन्। प्रदेश अधिवेशनका लागि तिलकसिंह राजवंशी र महाधिवेशन प्रतिनिधिका रूपमा निरज दाहाल चयन भएका छन्। कार्यक्रमको उद्घाटन कचनकवल वडा नम्बर १ का सभापति मानबहादुर लिम्बूको स्वागत मन्तव्य राखेको कार्यक्रमको अध्यक्षता कार्यवाहक पालिका सभापति वर्षा खतिवडाले गरेकी थिइन्। प्रमुख आकर्षणका रूपमा पार्टीकी केन्द्रीय सदस्य तथा प्रभावशाली वक्ता ज्वाला संग्रौलाले विशेष सम्बोधन गरेकी थिइन्।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति-२०८२/०३/०२

**कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८२/०१/०२ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको मिलन एजुकेसन फाउन्डेसन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति , तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०१/०७ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि हिमालय नमुना बोर्डिङ स्कुल झापा प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# आँपको सिजन

यतिबेला विशेषगरी तराई क्षेत्रमा आँप खाने मौसम सुरु भएको छ। फल्ने फलाउने काम तराईमा भए पनि यहाँको आँप सिंगै मुलुकभर पुग्ने गरेको छ। वसन्त ऋतुमा मञ्जरी लाग्ने, फुल्ने र चिचिला फल लागी ठूलो भएर प्रिय भोजनका लागि तयार हुने यो फल निकै स्वादिलो मानिन्छ। मालदह, बम्बई, काली, मिस्री, बिजुवा, सुपारी, आम्रलगायत अनेक जातको यो फल जातकै आधारमा सानो/ठूलो, बियाको आकारमा फरक तथा स्वादमा समेत पृथक पाइन्छ। समग्रमा जुन जात र रूप/रंगको भए पनि यो फल बालकदेखि ज्येष्ठ नागरिकसम्मका लागि निकै मन पराइँनेमा पर्छ।

खासगरी सिरहा र सप्तरीमा फल्ने आँप तराईका अन्य जिल्लाको तुलनामा अझ स्वादिलो मानिन्छ। सिरहाको मालदह जातको आँप भनेपछि राजधानी काठमाडौँलगायत सबैतिर लुछाचुँडी हुन्छ। पाकेको आँपमा सोडियम, ताम्र, गन्धक, म्याग्नेसियम, क्लोरोन तथा नायसिन जस्ता तत्त्व पाइन्छ। जसको सेवनले स्तन क्यान्सर, प्रोस्टेट क्यान्सर आदिबाट राहत मिल्ने स्वास्थ्यविद्हरूको राय छ। त्यसैगरी यसमा हुने भिटामिन ए र रेटिनोलले आँखाको शक्ति बढाउने र फाइबर र भिटामिन सीले प्रोटिन बढाउने अनि कोलेस्टेरोलको मात्रा घटाउने पनि उनीहरूको दाबी छ।


त्यति मात्र हैन, आँप फाइबर धेरै हुने भएकाले पाचनशक्तिलाई राम्रो बनाउनेदेखि यसमा हुने मालिक एसिड, टार्टारिक एसिड आदिले शरीरको अल्कालाइनलाई सन्तुलित राख्न मद्दत गर्ने हुँदै शरीरलाई रोग प्रतिरोधी तुल्याउन मद्दत गर्नेसमेतमा यो फलको भूमिका हुने देखिएको छ। कतिपयले आँप सेवनले प्रजनन क्षमता बढ्ने विश्वासमेत गर्छन् भने कतिपयचाहिँ छालाका काला दाग हटाउन पनि यो निकै लाभदायक हुने बताउँछन्। जे होस्, यो मौसमी फल स्वादमा मिठो त हुँदै हो साथै स्वास्थ्यका दृष्टिले समेत बहुआयामिक फाइदाको चिज भएकामा शंका मान्नु पर्दैन।

तर पछिल्लोपटक आँपमा पनि छलछाम प्रवृत्ति मौलाएसँगै आँप किसान, उत्पादन हुने ठाउँ र उपभोक्ता तीनैथरी मारमा पर्दै आएका छन्। मालदह आँपका लागि ख्याति कमाएको सिरहाको लहान अहिले यही मारको शिकार बनेको छ। काठमाडौँ लगायतका बजारमा लहानको गुलियो मालदह आँप भनेर अन्यत्रैको आँप बेचेको पाइएपछि यस्तो अवस्था सिर्जना भएको हो। भारतबाट ल्याइएका, हानिकारक रसायनद्वारा बेलै नभई पकाइएका तथा अन्य आँपलाई समेत यहीँको भनेर भुक्याइने गरिएका घटना प्रशस्तै देखिएका छन्। जसका कारण लहानको आँप बदनाम हुने चिन्ता यहाँका किसानमा देखिएको छ।स्वदेशी उत्पादन उपयोग गरौँ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# आयोगको पवित्रता जोगाउने चुनौती



• माधवप्रसाद रेग्मी

नेपालमा प्रजातन्त्र स्थापना भएसँगै गठन भएको लोक सेवा आयोगको माध्यमबाट सबै नेपाली नागरिकलाई समान प्रतिस्पर्धाका आधारमा स्थायी सरकारका रूपमा रहेको निजामती तथा सरकारी सेवामा प्रवेश गरी राष्ट्रको सेवा गर्ने अवसर प्राप्त भएको छ । विसं २०६४ पछि सेवामा आरक्षणको व्यवस्था सुरुवात भएको हो । आयोग स्थापना हुनुअघि भाइभारदारले रोलक्रम र केही सर्वसाधारण नागरिकले चाकडीका आधारमा जागिरमा प्रवेश पाउँथे भने वर्षैपिच्छे हुने पजनीले यो सेवा व्यक्तिगत संस्थाका रूपमा रहेको थियो ।

'कुनै पनि सरकार यसका कर्मचारीको क्षमताभन्दा उत्कृष्ट हुन सक्दैन' भन्ने मान्यता र 'प्रतिस्पर्धाबाट छानिएको सर्वोत्कृष्ट व्यक्तिले मात्र राष्ट्र सेवा गर्ने जस्तो पवित्र कार्य गर्ने अधिकार राख्छ' भन्ने दुइटा सिद्धान्तका आधारमा नेपालको निजामती सेवालाई उत्कृष्टताको केन्द्र बनाउनु पर्छ । यसका लागि आयोग निरन्तर क्रियाशील छ ।

विसं २००८ असार १ गते आयोगको कार्यालय सिंहदरबारको दोस्रो चोकको उत्तरतर्फको तेस्रो तलाको दुई वटा कोठामा स्थापना भएको थियो । तीन सदस्यीय आयोगको सभापति सरदार नगेन्द्रमान सिंह प्रधान हुनुहुन्थ्यो । सोही वर्ष भदौ १८ गते ६ पदको विज्ञापन गरेर आयोगले आफ्नो कार्य प्रारम्भ गरेको थियो । हालसम्म २० जनाले आयोगको नेतृत्व प्रदान गर्नुभएको छ । विसं २०३० मा सिंहदरबार आगलागी भएपछि विशालनगरस्थित वसन्त भवनमा सञ्चालन भएको आयोग पछि कमलपोखरीमा थियो । भवन पुरानो र साँघुरो भएपछि अनामनगरमा स्थानान्तरण भएको आयोग नयाँ भवन बनेपछि विसं २०७८ साउन १ गते पुनः कमलपोखरीमा सरी नियमित कार्य भइरहेको छ भने स्थान अभावलगायतका कारणले केही महाशाखा र शाखा हाल पनि अनामनगरमै छन् ।

आयोगको कर्तव्य सरकारी सेवामा योग्य व्यक्ति भर्ना सुनिश्चित गर्ने (२००४) कर्तव्य थियो । सरकारको सबै सेवा वा पदमा भर्नाको निमित्त जाँच गर्ने (२०१५) आयोगको कर्तव्य तोकिएको थियो । आयोगको बजेट न्यून रहेको थियो । विसं २०१६ सम्म पनि आयोगको बजेट वार्षिक ९५,२०० मात्र रहेको थियो । जनशक्तिका हकमा सचिव-१, सहायक सचिव-१, नन गजेटेड-१० र पियन-८ जना मात्र थिए । यसै संविधानमा श्री ५ बाट आयोगसँग परामर्श लिनु आवश्यक छैन भनि नियमद्वारा तोकेमा सोहीबमोजिम हुने प्रावधानका आधारमा विसं २०१७ माघ २५ गते पब्लिक सर्भिस कमिसन कारबाही बन्देज नियम जारी गरी २०१७ माघ २५ देखि २०१८ जेठ मसान्तसम्म आयोगलाई निलम्बन पनि गरिएको थियो । निजामती पदमा आयोगको परामर्शबिना नयाँ भर्नाद्वारा स्थायी नियुक्ति भएको कुनै पनि व्यक्तिले निवृत्तिभरण नपाउने तथा निजामती सेवाका सर्तसम्बन्धी कानुन, नियुक्ति, बढुवा र विभागीय सजाय गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, सेवा परिवर्तन, विभागीय सजायलगायतका विषयमा (२०१९) आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरिएको थियो । विसं २०२३ मा भएको संशोधनले सङ्गठित संस्थाका कर्मचारीको सेवा सर्तसम्बन्धी नियम र त्यस्तो संस्थाको सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा आयोगको परामर्श लिनुपर्ने प्रावधान थप भयो । विकासको क्रममा आयोगले निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु कर्तव्य तोकिएको थियो भने निवृत्तभरण पाउने पदमा आयोगको परामर्शबिना स्थायी नियुक्ति गरिने छैन (२०४७) भन्ने व्यवस्थासमेत थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई साविककै अधिकार दिएको थियो । यसमा सङ्गठित संस्थाले चाहेमा आयोगको परामर्श लिने उल्लेख थियो भने सुरक्षा निकायको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरिएको थियो ।

नेपालको संविधानको धारा २४२ र २४३ मा लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था छ । यस संविधानले निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने कर्तव्यका साथै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा तथा सङ्गठित संस्थाका पदमा पदपूर्ति गर्न लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारीसमेत आयोगलाई तोकिएको छ । यसका साथै निजामती सेवाका सर्तसम्बन्धी कानुन, बढुवा र विभागीय सजायका विषयमा, सेवा समूह परिवर्तन गर्ने विषयमा र विभागीय सजायका विषयमा समेत आयोगको परामर्श लिने व्यवस्था गरी सुरक्षा निकाय र सङ्गठित संस्थाको पदपूर्तिमा आयोगलाई पहिलो पटक स्पष्ट रूपमा जिम्मेवारी प्रदान गरेको छ । तोकिएका जिम्मेवारीलाई आयोगले आफ्ना १६ वटा कार्यालय, अध्यक्षलगायत ५ जना पदाधिकारी तथा ३९९ जना कर्मचारीबाट पूरा गर्दै आएको छ ।

आयोगका कार्य सम्पादनका नौ वटा सिद्धान्त तय गरिएको थियो । योग्यता, निष्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, द्विअन्ध, परिचय, शून्यता, असंलग्नता र गोपनीयताको सिद्धान्त रहेका छन् । संविधानले तोकेका अधिकारको प्रचलनका लागि आयोगले हाल नेपालको संविधान, लोक सेवा आयोग ऐन, २०७९, लोक सेवा आयोग नियमावली, २०७९, लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५, व्यवस्थापिका संसद् सचिवालय सम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५, राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा सर्त र सुविधासम्बन्धी नियमावली, २०७२ तथा विभिन्न सेवा, समूह सञ्चालनसम्बन्धी प्रचलित ऐन र नियमावली छन् । आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीको आचार संहिता, २०६९, सङ्गठित संस्थाका कर्मचारीका सेवाका सर्तसम्बन्धी कानुन, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, २०७४, सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रमसम्बन्धी मापदण्ड, २०७९ आयोगबाट प्रतिपादित सिद्धान्त, सुरक्षा निकाय तथा सङ्गठित संस्थासँग सम्बद्ध ऐन, नियम तथा विनियमावली र निर्देशिका नै यसका कार्यसम्पादनका मुख्य आधार हुन् ।

वर्तमान आयोगको सन्दर्भ

२०७९ असार १० गते वर्तमान आयोग गठन भई हामी पदाधिकारी नियुक्त भयौँ । अध्यक्षमा म आफैँ र सदस्यमा माधव बेल्बासे, वीरबहादुर राई, दिनेश सिलवाल र मञ्जुकुमारी रहेका छौँ । उमेशप्रसाद मैनाली अध्यक्ष रहनु भएको आयोगका सबै पदाधिकारीको अवकाश भई आयोग तीन महिनादेखि रिक्त थियो । पदपूर्ति, बढुवा, विभागीय कारबाहीसमेत सबै अवरुद्ध थिए । कोभिड- १९ का कारणले प्रत्येक वर्ष साउन १ गते प्रकाशित हुने आयोगको वार्षिक कार्यतालिकाबमोजिमका काम दुई वर्षदेखि हुन सकेका थिएनन् । त्यसै गरी कर्मचारी समायोजन ऐन, २०७५ जारी भएपछि समायोजनमा चित्त नबुझाएका कर्मचारीले दायर गरेका मुद्दामा भएको अन्तरिम आदेश, थारू कल्याणकारिणी सभाको तर्फबाट आफूलाई पनि छुट्टै कोटा छुट्याउनुपर्ने आशय राखी दायर रिटमा भएका अन्तरिम आदेश, आयोगबाट सङ्गठित संस्थामा बहालवाला कर्मचारीलाई पनि खुला प्रतियोगितामा उमेरको हद लगाउने गरी जारी भएका सेवा सर्तसम्बन्धी विनियमावलीमा चित्त नबुझाइ परेका रिट निवेदनमा भएका अन्तरिम आदेश अनुसार अवरुद्ध भएका परीक्षासमेतका ठुला संख्यामा बाँकी रहेका कामको जिम्मेवारी हामीमा आयो ।

आमनेपाली दाजुभाइ दिदीबहिनी र प्रतिस्पर्धी युवाको आशा र भरोसाको केन्द्र आयोगका पुराना काम फस्र्योट गर्दै वार्षिक कार्यतालिकाका काम गर्न आयोगले २०७८ असार १४ गते सयदिने कार्ययोजना जारी गऱ्यो । जसको उद्देश्य दुई/तीन वर्षदेखि बाँकी रहेका पुराना काम सय दिनभित्र फस्र्योट गर्ने र वार्षिक कार्यतालिका अनुसार चालु आवमा गर्नुपर्ने काम निरन्तर गर्दै जाने । सो लक्ष्य पूरा गर्न आयोगले दुई सिफ्ट अन्तर्वार्ता सञ्चालन गर्ने, तीन सिफ्ट परीक्षा सञ्चालन गर्ने, दक्ष विज्ञको ठुलो मात्रामा सेवा लिने, गोप्य शाखामा सञ्चार सम्पर्क विच्छेद गरी १५/२० दिन एक महिनासम्म आयोगमै बास बस्ने कर्मचारीको संख्या बढाइदिन रात काम गर्नेसमेत कार्य गरेको परिणामस्वरूप करिब तीन वर्षपछि मात्र आयोग नियमित क्यालेन्डरमा फर्किएको छ । त्यसका साथै लामो समयदेखि धुल्याउन बाँकी उत्तरपुस्तिका धुल्याउने, पुराना सामग्री लिलाम बिक्री गरी पार्किङ क्षेत्रभित्र राखिएका भएका सामग्रीको व्यवस्थापन गर्ने, प्रशासनिक सुधार गरी आयोगलाई निरन्तर चुस्त बनाउने काममा आयोगलाई सफलता प्राप्त भएको छ । पुराना काम फस्र्योट गर्न आयोगले तत्काल सङ्गठित संस्थाको विनियमावलीमा सम्मानित सर्वोच्च अदालतको परमादेशका प्रावधान राखी संशोधन गरी एक वर्षमै दुई/तीन पटकसम्म परीक्षा सञ्चालन गरी पदपूर्तिमा सहयोग गरेको छ ।

नेपालको संविधानको धारा २४३ अनुसार आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत उपधारा २ को स्पष्टीकरण खण्डमा रहेका 'सङ्गठित संस्था' को परिभाषामा विश्वविद्यालय र शिक्षक सेवा आयोगबाहेक भनिएको भए पनि सम्बन्धित विश्वविद्यालय ऐनबमोजिम गठन हुने तीन सदस्यीय सेवा आयोगमा सेवा आयोगको अध्यक्ष पछि दोस्रो क्रममा लोक सेवा आयोगको सदस्य रहने प्रावधान रहेकोमा आयोगबाट यसअघि सामान्य प्रक्रिया सहजीकरणसम्म गर्ने गरी आएमा विश्वविद्यालयमा स्वच्छ प्रतिस्पर्धाको आधारमा प्राध्यापक र कर्मचारीको छनोट र भर्नालाई सुनिश्चित गर्नुपर्ने सन्दर्भ रहेको थियो । यस सन्दर्भमा आयोगले विश्वविद्यालय, अनुदान आयोग, उपकुलपतिहरू, सेवा आयोगका अध्यक्ष तथा पदाधिकारीसँग आयोगका सदस्यको विश्वविद्यालय सेवा आयोगमा रहेको प्रतिनिधित्वलाई कसरी सार्थक बनाउने बारे अन्तर्क्रिया र छलफल गरेको परिणामस्वरूप परीक्षासम्बन्धी मुख्य कार्य लोक सेवा आयोगले गर्ने गरी सेवा आयोगले निर्णय गरी आयोगबाट कार्य सम्पादन हुन सुरु भएको छ । हाल सम्बन्धित सेवा आयोगबाट निर्णय भए अनुसार सेवा आयोगका पदाधिकारीबिच कार्य विभाजन गरी परीक्षासम्बन्धी मुख्य कार्य प्रश्न पत्र निर्माण, परिमार्जन, उत्तर पुस्तिका पहिलो र दोस्रो सङ्केत नम्बर राख्ने, गोप्यताका साथ उत्तरपुस्तिका परीक्षण गरी नतिजा तयार गरी छानिएका उम्मेदवारको अन्तर्वार्ताका लागि सम्बन्धित सेवा आयोगमा वर्णानुक्रम अनुसार नाम पठाई अन्तर्वार्तालगायत जोड्नु पर्ने अङ्क तयार भएपछि मात्र आयोगमा रहेको लिखितको अङ्क पठाई अन्तिम नतिजा प्रकाशन गर्ने गरिएकाले योग्य र प्रतिस्पर्धी उम्मेदवारको विश्वविद्यालयमा प्रवेशले शिक्षाको गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुगेको छ । हालसम्म यस्ता परीक्षा त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयसमेतमा सञ्चालन भइसकेका छन् ।

निजामती सेवामा पदपूर्ति गर्दा श्रेणी वा तहका लागि कर्मचारी भर्ना हुने भएकाले कर्मचारी छनोट गर्दा पद विशेषको भन्दा सेवा/समूह विशेषका साझा गुणको परीक्षण गर्ने गरी विभिन्न परीक्षण विधि प्रयोग गर्ने गरिएको छ । विसं. २०७१ मा एसेस्मेन्ट सेन्टर मेथोडोलोजी अवलम्बन गर्ने निर्णय गरे अनुसार सो विधिका केही उपकरण प्रयोग गरी कर्मचारी छनोट गरिएको छ । जस अनुसार विसं २०७३ देखि अप्राविधिक सेवाका राजपत्राङ्कित प्रथम श्रेणीमा मामिला अध्ययन र प्रस्तुतीकरण, विसं २०७५ देखि राप द्वितीय श्रेणीमा इनवास्केट एक्सरसाइज र राजपत्राङ्कित तृतीय श्रेणीमा सामूहिक छलफल जस्ता विधि प्रयोगमा ल्याइएको छ । लोक सेवा आयोगबाट उत्कृष्ट भनी खटाइएका कर्मचारी कार्य क्षेत्रमा सो अनुसार खरो उत्रन नसकेको भनी जनगुनासो र आमबुझाइलाई सम्बोधन गर्नसमेत यो विधि प्रयोगमा ल्याइएको हो । यसबाट उम्मेदवारको विगतको अनुभव, वर्तमान अवस्थाको सूक्ष्म विश्लेषण गरी भविष्यको आकलन गर्ने उद्देश्यले ल्याइएको यो विधि पूर्ण रूपमा प्रयोग गर्न ठुलो मात्रामा स्रोतसाधन र समय लाग्ने देखिन्छ । लामो समयदेखि यस विधि प्रयोग गर्ने दक्ष/विज्ञको तालिम नभएकोमा गत वर्ष मात्र स्वेदश तथा विदेशका विज्ञबाट १२० जनालाई यो तालिम प्रदान गरिएको छ ।

यसै गरी आयोगले आर्थिक वर्ष २०७६/७६ देखि कार्यान्वयनमा ल्याइएको त्रिवर्षीय रणनीतिक योजना २०७७/७८ सम्म कायम रहेकोमा उक्त रणनीतिक योजनाको कार्यान्वयमा देखा परेका कठिनाइ तथा समावेश गर्नुपर्ने थप विषयसमेत समावेश गरी आयोगबाट दोस्रो रणनीतिक योजना (२०७९/८०-२०८३/८४) लागु गरिएको छ । यस रणनीतिक योजनाको दूरदृष्टि 'योग्य, क्षमतावान् र दक्ष जनशक्ति छनोट तथा परिचालनमार्फत राष्ट्रको समग्र समुन्नति' रहेको छ भने ध्येय 'सार्वजनिक सेवामा योग्यता प्रणालीलाई प्रवर्धन गर्दै स्वच्छ र निष्पक्ष विधिका माध्यमबाट उपयुक्त उम्मेदवार छनोट गरी सक्षम जनशक्ति आपूर्ति गर्ने' रहेको छ । रणनीतिको मूल्यमान्यतामा योग्यता, निष्पक्षता र स्वच्छता, रहेका छन् । यसै गरी रणनीतिक योजनाका चार नतिजा क्षेत्र रहेका छन्, जस अनुसार (क) योग्यता, निष्पक्षता र स्वच्छताको प्रवर्धन (ख) परीक्षण विधि, परीक्षा योजना तथा पाठ्यक्रममा सुधार (ग) उजुरीको न्यायपूर्ण सुनुवाइ (घ) संस्थागत क्षमता सुदृढीकरण रहेका छन् । माथि उल्लिखित नतिजा क्षेत्रका आधारमा चार वटा रणनीतिक उद्देश्य तय गरिएका छन् । तिनीहरूमा (क) उपयुक्त उम्मेदवार छनोट गर्दा योग्यता, स्वच्छता र निष्पक्षता प्रवर्धन गर्नु (ख) उपयुक्त उम्मेदवार छनोट गर्न समसामयिक वैज्ञानिक परीक्षण विधि अवलम्बन गर्नु (ग) उजुरी सुनुवाइलाई अनुमानयोग्य बनाउनु (घ) आयोगको संस्थागत क्षमता सुदृढीकरण तथा कार्यक्षेत्रमुखी प्रवर्धनात्मक कार्य विस्तार गर्नु । एक अर्ब ६५ करोड लागत अनुमान गरिएको यो रणनीतिक योजनाबाट आयोगका भवन निर्माण, सवारी साधनको व्यवस्था, पाठ्यक्रम र परीक्षण प्रविधिमा सुधार, सहसचिव कार्यालय प्रमुख हुने सात वटा कार्यालयमा कम्तीमा पाँच जना र उपसचिव कार्यालय प्रमुख हुने कार्यालयमा दुई सय जना परीक्षार्थी अट्ने भवन निर्माण हुने छ । जसबाट परीक्षा सञ्चालन गर्न थप सहजीकरण भई आयोगको काम कारबाहीमा थप गुणस्तरीयता वृद्धि हुने आयोगले विश्वास लिएको छ ।

नेपालको संविधानको धारा २४३ को उपधारा २ मा 'निजामती सेवाको पदबाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाका पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्ने छ' भन्ने व्यवस्था भए अनुसार हाल आयोगले ७४ वटा सङ्गठित संस्था र चार वटा सुरक्षा निकाय तथा राष्ट्रिय मानव अधिकार आयोगको सेवाका पदको परीक्षा सञ्चालन गर्ने गरेको छ । यसै गरी एक सय वटाभन्दा बढी सङ्गठित संस्थाका पदपूर्ति समितिमा आयोगका सचिव, सहसचिव र उपसचिवबाट प्रतिनिधित्व हुँदै आएको छ ।

सङ्गठित संस्थाको पदपूर्तिसम्बन्धी कार्यलाई थप गुणस्तरीय, छरितो र मितव्ययी बनाउन विज्ञसहितको समितिबाट प्रतिवेदन प्राप्त भइसकेको छ । सो सम्बन्धमा आयोगबाट नियमित पदपूर्ति हुने, कार्य प्रकृति र ती संस्थामा रहने सेवा, समूह, उपसमूह र पदलगायतका विषयमा समान प्रकृति भएका विभिन्न समूहमा समूहीकरण गर्न सकिने ७४ वटा सङ्गठित संस्थाका प्रमुख तथा प्रतिनिधि र सम्बद्ध मन्त्रालयका सचिवहरूसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो । आयोगबाट सञ्चालन गरिने सङ्गठित संस्थाका पदमा पूर्वयोग्यता परीक्षा सञ्चालन गर्ने गरी लोक सेवा आयोग नियमावली, २०७९ मा २०८२ जेठ २६ मा संशोधन गरिएको छ । यसबाट सङ्गठित संस्थामा उपयुक्त उम्मेदवार छनोटमा लाग्ने समय, लागतमा कमी हुनुका साथै एउटै उम्मेदवार समान श्रेणी/तहका पद भएका धेरै निकायमा पटक पटक उम्मेदवार हुने विद्यमान अवस्थामा कमी भई सङ्गठनको स्थायित्वमा योगदान पुग्न सक्ने देखिन्छ । पहिलो पटक सङ्गठित संस्थाको पदपूर्तिका लागि आयोगबाट लिइने सबै सङ्गठित संस्थाको अप्राविधिकतर्फको चौथो तह वा सहायकस्तर द्वितीय श्रेणी वा सोसहरको पदको खुला प्रतियोगितात्मक परीक्षाको पूर्वयोग्यता परीक्षा सञ्चालन गर्ने गरी पाठ्यक्रमसमेत तयार गरिएको छ । यो व्यवस्था क्रमशः माथिल्ला पदमा समेत लागु गरिने लक्ष्य लिइएको छ ।

यस वर्ष आयोगले स्थापनको हीरक जयन्ती मनाउँदै छ । यो वर्षभरि नै कार्यालयले विभिन्न रचनात्मक कार्य गर्ने छ । विभिन्न पदमा गरी करिब २९ वर्ष लोक सेवा आयोगमा रही कार्य गर्नुभएका आयोगका पूर्वसचिव भुवनमान सिंह प्रधानले आयोगको परीक्षा प्रणालीको सुधार, कार्यप्रणालीमा व्यावसायीकरण, निष्पक्ष छनोट प्रक्रियालगायत आयोगको समग्र प्रक्रियामा गरेको सुधारको स्मरण गर्दै आयोगको ७५ औँ वार्षिकोत्सव समारोह एवं हीरक जयन्तीका अवसरमा आयोगको कमलपोखरीस्थित भवनको पाँचौँ तलामा रहेको सभाहललाई 'भुवनमान सिंह प्रधान सभाकक्ष' नामकरण गरिएको छ ।

आयोगका कामकारबाहीको प्रभावकारिता थप अभिवृद्धि गर्न निम्नबमोजिमका क्रियाकलाप वर्षैभरि सञ्चालन गर्ने;

-आयोगको स्थापनादेखि रजत जयन्तीसम्मका विविध क्रियाकलाप तथा विभिन्न लेख रचना सङ्कलन गरी स्मारिका प्रकाशन गर्ने,

-आयोगको कामकारबाहीसम्बन्धी जानकारीमूलक वृत्तचित्र निर्माण,

-आयोगले अवलम्बन गरी आएका छनोटसम्बन्धी स्थापित विधि र प्रक्रियाका सम्बन्धमा विश्वविद्यालय सेवा आयोगका पदाधिकारीसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने,

-आयोगका पूर्वपदाधिकारी तथा कर्मचारीसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने,

-आयोगबाट सम्पादन गरिने कामकारबाही तथा सरकारी सेवा प्रवेशमा आयोगको स्वच्छ भूमिका, निजामती सेवा प्रवेशका सम्बन्धमा विभिन्न विद्यालय/विश्वविद्यालयमा जनचेतनामूलक उत्प्रेरणाका कार्यक्रमसञ्चालन गर्ने,

-आयोगमा कार्यरत कर्मचारी र संस्थागत क्षमता अभिवृद्धिसम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्ने,

-आयोगका कार्यसम्पादनका क्रममा महत्वपूर्ण र सुरक्षित राख्नुपर्ने अभिलेख व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने ।

मुलुकको सार्वजनिक प्रशासन सञ्चालन गर्न आवश्यक उपयुक्त जनशक्ति छनोट गरी सिफारिस गर्ने महत्वपूर्ण जिम्मेवारी रहेको लोक सेवा आयोगको निर्णय प्रक्रियामा वस्तुनिष्ठता, स्वच्छता र निष्पक्षता कायम गर्न अधिकतम प्रशासनिक तथा आर्थिक स्वायत्तता सुनिश्चित हुन आवश्यक छ । दशकौँ लामो सत्प्रयासबाट स्थापित आयोगको विशिष्ट कार्यप्रणालीको जगेर्ना गर्न आयोगका कर्मचारीको अहम् भूमिका रहने हुँदा जनशक्ति परिचालनका विषयमा आयोगको स्वायत्तता जरुरी छ ।

❖ बाँकी तेस्रो पृष्ठमा

# अमेरिकामा सांसदको गोली हानी हत्या, दुई घाइते

झापा(प्रस) । अमेरिकाको मिनेसोटा राज्यमा शनिबार बिहान एक बन्दुकधारीले डेमोक्र्याटिक पार्टीका दुई सांसदमाथि गोली चलाउँदा एक सांसदको मृत्यु भएको छ भने अर्का सांसद्सहित दुई जना घाइते भएका छन् । रिपब्लिकन राष्ट्रपति डोनाल्ड ट्रम्पको नीतिको विरोधमा हजारौं मानिस सडकमा उत्रने तयारी गरिरहेका बेला संयुक्त राज्य अमेरिकामा गहिरो राजनीतिक विभाजनको समयमा गोली हानाहान भएको हो । संदिग्ध आक्रमणकारी अझै फरार रहेको र व्यापक खोजी कार्य जारी रहेको अधिकारीहरूले बताएका छन् । स्टेट सिनेटर जोन हफम्यान र स्टेट रिप्रेजेन्टेटिभ मेलिसा होर्टम्यानमाथि उनीहरुको घरमा हमला भएको हो । जसमा हफम्यान घाइते भएका छन् । जबकि मेलिसा होर्टम्यान र उनका पतिको सो हमलामा मृत्यु भएको छ । बन्दुकधारीहरुले आक्रमण गर्न सक्ने अन्य ७० जनाको सूची बरामद भएको बताइएको छ ।
मिनेसोटा अपराध नियन्त्रण विभागका सुपरिटेन्डेन्ट ड्रू इभान्सका अनुसार हफम्यान र उनकी श्रीमतीलाई पहिले गोली हानिएको थियो भने प्रहरीले अनुसन्धान गर्दा होर्टम्यान र उनका पतिलाई करिब ९० मिनेटपछि गोली हानिएको थियो । होर्टम्यानको निवास नजिकै अधिकारीहरूसँग गोली हानाहान हुँदा संदिग्ध बन्दुकधारी भाग्न सफल भएको इभान्सले पत्रकारहरूलाई बताए ।

# अनमोललाई बचाउन विदेशबाट डेढ लाख रकम संकलित

झापा(प्रस) ।वैदेशिक रोजगारका सिलसिलामा बिभिन्न मुलुकमा रहेका युवाहरुले 'फियो ड्यामेज' भएर कलेजोमा पानी जमेर पेट फुल्ने तथा आन्द्रामा समेत समस्या भएका ३० महिने बालकको उपचारका लागि एक लाख ४६ हजार ३२९ रुपैयाँ सहयोग गरेका छन् ।
झापाको अर्जुनधारा नगरपालिका-५ स्थित चाँदनी चोकमा हजुरबुवा र हजुरआमाको आश्रयमा बस्दै आएका बालक अनमोल कुमालको उपचार सहयोगार्थ 'अनमोल कुमाल बचाउ अभियान' सञ्चालन गरेर संकलित रकम आइतवार बालकको परिवारलाई हस्तान्तरण गरिएको हो ।
हल्दिबारी गाउँपालिका-३ घर भई हाल कतारमा रहेका भारती बन्धु एकता समाज नेपालका महासचिव तथा झापाली समाज कतारका महासचिव विमल भारती, अर्जुनधारा-५ घर भई हाल कतारमा रहँदै आएका सुजन थापा, अर्जुनधारा-५ घर भई हाल कतारमा रहँदै आएका सन्तोष गिरी, अर्घाखाँची मलारानी गाउँपालिका-५ घर भई हाल कतारमा रहेका सोनुकुमार कुँवर क्षेत्रीको सक्रियतामा संकलित रकम परिवारलाई हस्तान्तरण गरिएको हो ।
परदेशी हुनु रहर हैन, बाध्यता भएको भएपनि आफ्नो केहि खर्चहरुलाई कटौती गर्दै विपत्तिमा परेकालाई सहयोग गरेको भारतीले बताए । यस्ता विभिन्न किसिमका प्रकोपमा परेर बिपत्तिमा परेका ब्यक्तिहरुलाई सहयोग गर्दै आएको र आगामी दिनमा पनि गर्ने उनले बताए । 'पराइको भूमिमा सहज त कदापि छैन' भारतीले भने 'तर पनि आफ्नो देश र समाजप्रतिको दायित्व र माया सदैव रहन्छ ।' आगामी दिनहरुमा पनि यस्ता बिपत्तिमा परेकालाई सहयोग गर्नेसमेत भारतीले प्रतिबद्धता जनाएका छन् ।
वैदेशिक रोजगारको सिलसिलामा रहेका भारती, गिरी, थापा र क्षेत्रीले अनमोल कुमाल बचाउ अभियान नै सञ्चालन गरेर बिभिन्न देशमा रहेका युवायुवतीहरुबाट संकलित रकम विरामीका हजुर बुबा टंकबहादुर खत्रीलाई हस्तान्तरण गरिएको छ । अर्जुनधारा-५ का पूर्व वडाध्यक्ष तथा भारती बन्धु एकता समाज नेपालका वरिष्ठ उपाध्यक्ष ध्यानबहादुर भारती, सामाजिक अभियन्ता तथा भारती बन्धु एकता समाज नेपाल अध्यक्ष उमेश भारती, सहिद राजन गिरीका पिता केदारशम्सेर गिरी, शब्दपत्र डटकमका सम्पादक पत्रकार उद्धव पुरी, समाजसेवी टेकबहादुर गिरी, तेजकुमार गिरी, बिमल भारतीका भाई सागर भारतीलगायतले परिवारलाई उक्त रकम बापतको चेक हस्तान्तरण गरेका थिए ।
कार्यक्रममा बोल्दै सहिद पिता केदारशम्सेर गिरीले विदेशमा बसेर पनि सहयोग गरेको भन्दै सहयोगी सवैलाई धन्यवाद दिए । यस्तै पूर्व वडाध्यक्ष ध्यानबहादुर भारतीले विदेशबाट सहयोग प्राप्त भएकोमा खुसी ब्यक्त गर्दै घरगाउँमा पनि अनमोल बचाउ अभियान सञ्चालन गर्नु पर्नेमा जोड दिए । कार्यक्रमको सहजीकरण उमेश भारतीले गरेका थिए ।
बिरामी अनमोलकी आमा अस्मिता मानसिक रोगी रहेकी छिन् । हाल बिरामीकी हजुरआमा शारदा, आमा अस्मिता, बुवा मिलनले काठमाडौंस्थित पाटन अस्पतालमा उपचार गराइरहेका छन् ।
बिरामी अनमोलका बुवा अति बिपन्न भएकाले मावली हजुरआमा शारदा र हजुरबुवा टंकले नै अहिलेसम्म सकेको उपचार गर्दै आएका छन् । आर्थिक अवस्था कमजोर भएकै कारण बालक अनमोलको उपचारमा समस्या भइरहेको पारिवारिक स्रोतले जनाएको छ ।
जन्मेदेखि नै अनमोल बिरामी भइरहने र हाल देखिएको रोग बिर्तामोडको आधारभूत बाल अस्पतालले पत्ता लगाएको अनमोलका हजुरबुवा टंकले बताए । 'अहिलेसम्म करिव २८ लाख रुपैयाँ खर्च भइसक्यो' हजुरबुवा टंकले भने ' ज्वाइँ छोरीको अवस्था थिएन, सवै आफै खर्च गर्यौ ।' काठमाडौस्थित कान्ति बाल अस्पतालमा उपचारपछि हाल पाटन अस्पतालमा बालकको उपचार भइरहेको उनले बताए ।

नेपालमा यस रोगको उपचारको सम्भावना एकदमै कम रहेको बुझिएको बताउँदै हजुरबुवा टंकले भारतमा उपचार सम्भव हुने र करिव २५ लाख भारु रुपैयाँ खर्च हुने उपचारमा संलग्न चिकित्सकहरुले बताएको जानकारी दिए ।
अहिलेसम्म उपचारमा भएको जायजेथा सकेको बताउँदै उनले सवै मनका धनीहरुमा सहयोगको अपिलसमेत गरेका छन् । उनले बिदेशमा बसेर पनि सहयोग गरेको भन्दै सहयोग गर्ने सवैलाई हार्दिक धन्यवाद ब्यक्त गरेका छन् ।

# इनड्राइभको 'राइड्स फर गोल्स' क्याम्पेन सफलतापूर्वक सम्पन्न

झापा(प्रस) । विश्वव्यापी मोबिलिटी एण्ड अर्वान सर्भिस प्लेटफर्म इनड्राइभले काठमाडौंमा आफ्नो 'राइड्स फर गोल्स' क्याम्पेन सफलतापूर्वक सम्पन्न गरेको छ । यस अभियानको प्रमुख उद्देश्य पब्लिक विद्यालयका खेलमैदानहरूको पुनर्निर्माण तथा स्तरोन्नति गर्नु र विद्यार्थीहरूलाई खेलकुद गतिविधिमा सक्रिय रुपमा सहभागी गराउँदै उनीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा टेवा पुर्याउनु हो ।




यस क्याम्पेनमार्फत विद्यालयका खेल मैदानलाई आधुनिक र सुरक्षित बनाउन सहयोग गरिएको हो, जसले विद्यार्थीहरूलाई खेलकुदप्रति रुचि बढाउने, टीमवर्कको भावना विकास गर्ने र स्वास्थ्य जीवनशैली अपनाउन उत्प्रेरित गर्ने अपेक्षा गरिएको छ ।
अंग्रेजी 'मे' महिनाभरि सञ्चालन गरिएको यस अभियानको माध्यमबाट, प्रत्येक तेस्रो राइडको भाडाको १० प्रतिशत रकम ,चयन गरिएका पब्लिक प्राइमेरी विद्यालयहरूको खेलमैदान मर्मत तथा आवश्यक खेलकुद सामग्रीहरू उपलब्ध गराउन खर्च गरिएको थियो ।
यस अभियानले विद्यार्थीहरूको समग्र विकासमा योगदान पुर्याउने उद्देश्यले निम्न महत्वपूर्ण कार्यहरूमा प्रत्यक्ष सहयोग पुर्याएको छ ।
विद्यालयका खेलमैदानहरूको पूर्वाधार मर्मत तथा सम्वर्धन गरियो, जसले गर्दा बालबालिकाहरूका लागि सुरक्षित, सफा र रमाइलो खेल तथा मनोरञ्जनको वातावरण निर्माण भएको छ ।
बालबालिकाहरूलाई सानै उमेरदेखि खेलकुदमा संलग्न गराउने र शारीरिक गतिविधिप्रति रुचि बढाउने हेतुले बास्केटबल, फुटसल, ब्याडमिन्टन र्याकेट लगायतका स्पोर्ट्स किटहरू वितरण गरियो । "इनड्राइभमा हामी दृढ विश्वास गर्छौं कि मोबिलिटी केवल यात्राको सुविधा मात्र होइन, समुदाय सशक्तिकरण र समावेशी विकासतर्फको मार्ग पनि हो," इनड्राइभ एपीएसी कम्युनिकेसन लिड पावित नन्दा आनन्दले भनिन्, 'राइड्स फर गोल्स' अभियानले विद्यालयका बालबालिकालाई स्वस्थ र सकारात्मक वातावरणमा खेल्न सहयोग गरेर उनीहरूको सम्पूर्ण विकासलाई प्रत्यक्ष समर्थन पुर्याउँछ । हामीलाई टिमवर्क, आत्मविश्वास, र नेतृत्व जस्ता सीपहरू विकास गर्न सक्ने ठाउँ निर्माणमा योगदान गर्न पाउनुमा अत्यन्त गर्व छ ।"
इनड्राइभ एशिया प्यासिफिक क्षेत्रका रिजनल डाइरेक्टर मार्क टोलीले पनि यस अभियानप्रति आफ्नो उत्साह व्यक्त गर्दै भने ",राइड्स फर गोल्स' एउटा प्रेरणादायी उदाहरण हो–जहाँ राइड गर्ने जस्तो दैनिक साधारण क्रियाकलाप–समाजमा सार्थक परिवर्तन ल्याउने शक्तिशाली माध्यम बन्न सक्छ । हामी सधैं यस्तो परियोजनामा संलग्न रहन्छौं, जसले दीगो मूल्य सिर्जना गर्छ र सामुदायिक स्तरमा सकारात्मक प्रभाव पार्छ । यो पहल खेलको माध्यमबाट प्रत्येक बालबालिकालाई अवसर, रमाइलो, र विकासको पहुँच सुनिश्चित गर्ने दिशातर्फको एक महत्वपूर्ण कदम हो ।"

'राइड्स फर गोल्स' इनड्राइभको उद्देश्यसँग गहिरोसँग जोडिएको छ, जसले सामाजिक समानता प्रवर्द्धन गर्ने र सेवायुक्त तथा विकासशील क्षेत्रहरूमा सकारात्मक योगदान दिने लक्ष्य राखेको छ ।यसका क्याम्पेन मार्फत इनड्राइभले स्कूल बालबालिकाको भौतिक तथा मानसिक विकासमा जोड दिएको छ र समुदायको भविष्य निर्माणमा पनि आफ्नो सक्रिय भूमिका पुष्टि गरेको छ ।

# 'खुशीको गाउँ' नेदरल्याण्डमा बिमोचित

भद्रपुर । झापाकी चर्चित स्रष्टा खगिन्द्रा खुसीको आख्यान कृति (उपन्यास) 'खुशीको गाउँ 'नेदरल्याण्डमा बिमोचन गरिएको छ ।

विश्व भुटानी साहित्यिक संगठन जिबिएलओको आयोजनामा सम्पन्न तीन दिने साहित्यिक तथा साँस्कृतिक कार्यक्रमको दोस्रो दिन जेठ ३१ गते सो उपन्यास बिमोचन गरिएको हो । जिबिएलओका अध्यक्ष कर्ण गुरुङको अध्यक्षता तथा नेदरल्याण्डका लागि नेपालकी राजदूत सेवा लम्सालको प्रमुख आतिथ्यमा भव्य कार्यक्रमका बिच विमोचन गरिएको थियो ।
झापा सदरमुकाम चन्द्रगढी निवासी रेडियोकर्मीको पहिचान बनाएकी खुसी छन्द कविता लेखन, गायन, उद्घोषण र फुटकर रचनामा चर्चित स्रष्टा हुन् । कृति विमोचन कार्यक्रममा प्रमुख अतिथि सेवा लम्साल, सभाध्यक्ष कर्ण गुरुङ, स्रष्टा प्रकाश आङ्देम्बे लगायतको बाहुलीबाट उपन्यास विमोचन गरिएको थियो । जिबिएलओले प्रकाशन गरेको सो उपन्यास भुटानी शरणार्थी शिविरसँग सम्बन्धित विषयमा लेखिएको उपन्यासकार भएको खगिन्द्रा खुसीको भनाइ छ ।

# उत्तराखण्ड हेलिकप्टर दुर्घटनामा सात जनाको मृत्यु



झापा(प्रस) । भारत उत्तराखण्डको रुद्रप्रयाग जिल्लामा आइतबार बिहान भएको हेलिकप्टर दुर्घटनामा सवार सात जनाकै मृत्यु भएको छ ।
हेलिकप्टरमा चालकसहित ६ जना वयस्क र एक शिशु सवार थिए । अचानक मौसममा खराबी आएका कारण हेलिकप्टर दुर्घटनामा परेको बताइएको छ ।
उत्तराखण्डको एसडीआरएफले दुर्घटनामा सातै जनाको मृत्यु भएको पुष्टि गरेको छ । जिल्ला पर्यटन अधिकारी एवं नोडल हेली सेवाका राहुल चौबेले भने, 'आज बिहान एक हेलिकप्टर हराएको सूचना पाइयो । जानकारी प्राप्त हुनासाथ खोजबिन सुरु गरिएको थियो ।'
प्राथमिक जानकारी अनुसार आर्यन एभियशनको हेलिकप्टर केदारनाथ धामबाट यात्रीलाई गुप्तकाशी बेसमा फिर्ता ल्याउँदै थियो । घाँटीमा अचानक मौसम खराबी भएका कारण हेलिकप्टरलाई घाँटीबाट बाहिर निकाल्ने प्रयास गर्ने क्रममा दुर्घटनामा परेको हो । उनका अनुसार यो हेलिकप्टरमा चालकबाहेक पाँच यात्री र एक शिशु सवार थिए ।

उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले दुर्घटनालाई लिएर दुःख व्यक्त गरेका छन् । उनले एक्समा लेखेका छन्, 'जनपद रुद्रप्रयागमा हेलिकप्टर दुर्घटनाग्रस्त भएको अन्त्यन्तै दुःखद समाचार प्राप्त भएको छ ।'

## आयोगको ...

आयोगको उच्च साख र छविलाई दृष्टिगत गर्दै नेपालको संविधानले अधिकार र जिम्मेवारी थप गरी विश्वास गरेको यथार्थ विपरीत साविकको लोक सेवा आयोग ऐन, २०६६ ले दिएको आर्थिक तथा प्रशासनिक अभ्यासमा समेत संकुचन हुने गरी हालै जारी भएको लोक सेवा आयोग ऐन, २०७९ मा समावेश भएका केही व्यवस्था उपयुक्त नदेखिँदा पुनर्विचार गर्न आवश्यक छ । योग्यता प्रणालीलाई सीमित गर्ने गरी जहाँसुकैबाट जे जस्ता निर्णय भए पनि आयोगलाई मान्य हुँदैन । व्यक्तिगत स्वार्थका आधारमा करार, ज्यालादारी, अस्थायी, आंशिकलगायतका नाममा नियुक्ति गरी पुनः निजहरूकै पक्षमा सीमित प्रतियोगिता गर्ने, त्यस्ता परीक्षामा उमेर हद नलगाउने, एक पटकका लागि मात्र भन्ने जस्ता गैरप्रतिस्पर्धी भावनालाई स्थान दिने र बढावा दिने कार्य लोकतन्त्रले स्थापना गरेको समानताका आधारमा सेवामा प्रतिस्पर्धा गर्ने मौलिक अधिकारको पनि उल्लंघन हुने हुँदा सबै जिम्मेवार निकायबाट यस्ता कार्य नहुने वातावरण सुनिश्चित गर्न र यस प्रकारका गलत प्रवृत्तिविरुद्ध एकै ठाउँ उभिन सबैलाई अनुरोध गर्दछु । विद्यालय, कलेज र विश्वविद्यालयमा अध्ययनरत सम्पूर्ण ऊर्जावान् भाइबहिनीलाई विदेशतर्फ आकर्षित हुनुभन्दा पनि लोक सेवा आयोगको परीक्षामा सम्मिलित भई देश सेवाको पवित्र अवसर उपयोग गरी 'हामीले नगरे देश विकास कसले गर्ने' भन्ने मनमा अठोटसहित अगाडि बढ्न आह्वान गर्दछु । अन्त्यमा आयोगलाई सम्मानित संस्थाका रूपमा स्थापना र विकास गर्न योगदान पुऱ्याउनु हुने अग्रज, पूर्वपदाधिकारी, कर्मचारी, विषयसम्बन्धी दक्ष विज्ञ तथा नेपाल सरकार, सङ्गठित संस्था, सुरक्षा निकाय, सञ्चार जगत् तथा आमनेपाली दाजुभाइ, दिदीबहिनी तथा प्रतिस्पर्धी युवा विद्यार्थी सबैप्रति आभार तथा धन्यवाद प्रकट गर्दछु ।

## दुर्घटनामा...

श्रीमती प्रहरी चौकी साखेजुङ रक्से इलाम दरबन्दी भई प्रहरी चौकी जमुनामा कार्यरत प्रहरी जवान बिमला धिमाल चौधरी र दुई वर्षीय छोरा जेशन चौधरी गम्भीर घाइते भएका छन्। दुवै जनाको विराटनगरस्थित नोबेल मेडिकल कलेजमा उपचार भइरहेको छ। जिल्ला प्रहरी कार्यालय इलामबाट कार्यालय कामको सिलसिलामा जेठ ३० गतेदेखि प्रहरी जवान धिमाललाई नेपाल प्रहरी प्रदेश कार्यालय विधि विज्ञान ईकाइ कार्यालय धरानबाट लागूऔषध परीक्षण प्रतिवेदन लिएर आउन पठाइएको थियो भने प्रहरी सहायक हवल्दार चौधरीलाई जवरजस्ती करणी मुद्दाको फरार प्रतिवादी लिला भन्ने लोकबहादुर थापाको खोजतलास एवम् पत्राउको लागि खटाइएको थियो ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** – महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** – आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** – नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** – आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** – मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** – आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** – सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** – आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** – घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** – राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** – परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।